नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानवस्रोत विकास केन्द्र

# विद्यालय शिक्षासम्बन्धी गतिविधि-४० (पूर्णाङ्क २४५)

## कोभिड-१९ को प्रभावमा सिकाइ सहजीकरण क्रियाकलाप विवरण पठाउने सम्बन्धमा विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखाको सूचना

**श्री नमुना विकासका लागि छनोट भएका विद्यालयहरू (सबै)**

प्रस्तुत विषयमा कोभिड-१९ को प्रभावबाट विश्वभर नै अन्य क्षेत्र जस्तै विद्यालय शिक्षा पनि प्रभावितभएको छ। यस सन्दर्भमा नेपाल सरकारबाटबालबालिकाको सिकाइ सहजीकरणका लागि साझेदार संस्थाहरूको समेत सहयोगमा विभिन्न ढङ्गबाट सहजीकरण भैरहेको छ। हालै सिकाइ सहजीकरण निर्देशिका, २०७७ तथा विद्यालय शिक्षा सम्बन्धी आकश्मिक कार्ययोजना, २०७७ लागु भएको सन्दर्भमा नमुना विकासका लागि छनोट भई दीर्घकालीन विकास भइरहेका विद्यालयहरूबाट कोभिड-१९ को प्रभावमा सिकाइ सहजीकरण सम्बन्धी क्रियाकलापहरूको विवरण सङ्कलन गर्ने कार्यका लागि सम्लग्न सर्भेक्षण फाराम अनुसारका विवरणहरू यही २०७७ मङ्सिर ७ गतेभित्र यस शाखाको इमेल ठेगाना cehrd.ss@gmail.com मा पठाउनु हुन निर्णयानुसार अनुरोध छ। पहिलो चरणमा नमुना विकासका लागि छनोट भएका विद्यालयहरूबाट विवरण सङ्कलन कार्य सम्पन्न भएपछि अरू विद्यालयहरूबाट पनि आवश्यक विवरण सङ्कलन गरिने व्यहोरा समेत अनुरोध छ। यस सम्बन्धी फाराम केन्द्रको वेबसाइट (cehrd.gov.np) मा उपलब्ध छ।

## स्नातक तहमा अध्ययनरत नियमित विद्यार्थीहरूलाई नि:शुल्क अनलाइन डाटा प्रदान गरिने बारे जरूरी सूचना

विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारीको संकटबाट उच्च शिक्षा अध्ययनरत विपन्न वर्गका विद्यार्थीहरूको समतामूलक पहुँच सम्बन्धमा उत्पन्न समस्या न्यूनीकरण गर्नका लागि हाल नियमित रूपमा स्नातक तह अध्ययनरत विपन्न वर्गका विद्यार्थीहरूलाई नि:शुल्क अनलाइन डाटा उपलब्ध गराई सिकाइमा सहयोग पुऱ्याउने कार्यक्रम रहेकोले उल्लिखित विद्यार्थीहरूले विद्यार्थी वित्तीय सहयोग कार्यक्रमको website, sfafdb.edu.np मा गई मिति २०७७ मंसिर १९ गतेसम्म अनलाईन फाराम भर्नभराउनहुन अनुरोध छ।

**पुनश्च**: उक्त अवधिभित्र अनलाईन फाराम भरेका विद्यार्थीहरूको क्याम्पसहरूले अनलाइन फाराम समेत अनिवार्य रूजू गर्नुपर्ने भएकाले क्याम्पसहरूले उक्त प्रयोजनका लागि User / Password प्राप्त गर्न क्याम्पस प्रमुखको नाम, फोन नं. र क्याम्पसको इमेल सहित यथासक्य यस कार्यक्रमको email: sfapscholarship@gmail.com पत्र पठाइदिनुहुन अनुरोध छ।

**विद्यार्थी वित्तीय सहयोग कार्यक्रम**

**सम्पर्क नं ०१६६३८८५३**

## व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना दोस्रोको टिएसएलसी तहको छात्रवृत्तिका लागि अनलाइन पिएमटि फाराम भर्ने सम्बन्धी सूचना

प्राविधिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने उद्देश्यले यस परियोजनाबाट लक्षित समूह (गरिब तथा विपन्न) का विद्यार्थीहरूका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटि) बाट सम्बन्धन प्राप्त प्राविधिक शिक्षालय/विद्यालयहरूमा टिएसएलसी अर्थात् प्रि-डिप्लोमा तहमा आगामी शैक्षिक शत्र २०७७/०७८ मा प्राविधिक शिक्षालय/विद्यालयहरूमा भर्ना भई अध्ययन गर्न चाहने माध्यमिक शिक्षा परीक्षा (एसइइ) मा सम्मिलित भएका वा सो सरहका शैक्षिक योग्यता पूरा गरेका विद्यार्थीहरूले यस परियोजनाबाट प्रदान गरिने छात्रवृत्तिमा अध्ययन गर्न चाहेमा परियोजनाको मिति २०७७।०६।१४ गतेको सूचना बमोजिम अनलाइन पिएमटी फाराम २०७७ मंसिर १५ गतेसम्ममा भर्नु हुन सम्बन्धित सबैलाई सुचित गरिन्छ। विद्यार्थीहरूले छात्रवृत्तिका लागि भर्नुपर्ने पिएमटी फाराम परियोजनाको वेवसाइटः www.event.gov.np मा राखिएको छ।

**थप जानकारीका लागि**

**वेवसाइटः www.event.gov.np मा सूचना हेर्न हुन वा**

**पैसा नलाग्ने फोन नम्बरः १६६००१६७७७७ वा फोन नं.(०१-४७८६३११/४७८६४११**

**मा कार्यालय समयमा सम्पर्क गर्नुहुन सूचित गरिन्छ।**

## शिक्षक पदपूर्तिका लागि रिक्त पद माग सम्बन्धमा

**श्री शिक्षा विकास तथा समन्वय इकाइ**

**सबै।**

प्रस्तुत विषयमा यस केन्द्रको च.नं. १८५ मिति २०७६।११।१५ को पत्रबाट माग भएको शिक्षक पदपूर्ति विज्ञापनका लागि खुल्ला प्रतिस्पर्धा र बढुवा विवरण (७५ प्रतिशत का.स.मू तथा २५ प्रतिशत आन्तरिक प्रतिस्पर्धा) को संख्या निर्धारण गर्दा शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ३९ क मा व्यवस्था गरिएको कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट भएको बढुवालाई समेत बढुवा प्रयोजनमा गणना गरेको देखिएकाले देहाय अनुसार तोकिएकै ढाँचामा मंसिर ५ गतेभित्र अनिवार्य रूपमा विवरण पठाउनु हुन निर्देशानुसार अनुरोध छ।

**तपसिल**

**क) यस अघि केन्द्रको च.नं. १८५ मिति २०७६।११।१५ को पत्रबाट माग गरिएको विवरण पठाउँदा शिक्षक सेवा आयोग नियमावलीको नियम ३९क अनुसारको विवरण बढुवा (७५ प्रतिशत का.स.मू तथा २५ प्रतिशत आन्तरिक प्रतिस्पर्धा)मा समावेश गरेको जिल्लाहरूले उक्त विशेष बढुवाको दरबन्दी शिक्षक अवकास भएपछि स्वतः तल्लो पद कायम हुने भएकाले ती पदहरूलाई हटाई बढुवाको पद संख्या निर्धारण गरी पठाउनु हुन,**

**ख) शिक्षा विकास तथा समन्वय इकाइले विशेष बढुवा (शिक्षक सेवा आयोग नियमावलीको ३९ क अनुसार) को पदहरू हटाएर मात्र दरबन्दी गणना गरी बढुवाको कोटा कायम गरेर पठाएको भए सोही विवरण उल्लेख गरी पत्र पठाइदिनु हुन।**

**तपसिल**

जिल्ला :

| क्र. सं. | तह | स्वीकृत दरबन्दी जम्मा (१) | विशेष बढुवा बाहेकको खुद दरबन्दीमा कार्यरत शिक्षक संख्या (२) | | विशेष बढुवा बाहेकको खुद रिक्त दरबन्दी संख्या (३) | | कोलम ३ अनुसारको ७५ प्रतिशत रिक्त विवरण (४) | | कोलम ३ अनुसारको २५ प्रतिशत रिक्त विवरण (५) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | द्वितीय | प्रथम | द्वितीय | प्रथम | द्वितीय | प्रथम | द्वितीय |
| | प्राथमिक | | | | | | | | | |
| | निम्न माध्यमिक | | | | | | | | | |
| | माध्यमिक | | | | | | | | | |
| | जम्मा | | | | | | | | | |

## शैक्षिक प्रविधि शाखाको विवरण पठाउने सम्बन्धी सूचना

**शिक्षा विकास तथा समन्वय इकाइ सबै**

प्रस्तुत विषयमा प्राविधिक तथा व्यावसायिक धार सञ्चालित विद्यालयहरूको कक्षा (९-१२) को विवरण तयार गर्न तपसिल अनुसारको विद्यालयगत विवरण भरी मिति २०७७।०८।१५ गते सम्म यस केन्द्रमा आइपुग्ने पठाउन हुन अनुरोध छ। उक्त विवरण शैक्षिक प्रविधि शाखाको इमेल ठेगाना cehrd.ets@gmail.com मा पठाउन सकिनेछ।

**प्राविधिक तथा व्यावसायिक धार सञ्चालित विद्यालयगत विवरण**

| क्र स | | ठेगाना | | | सञ्चालित धार | अनुमति साल | सञ्चालित कक्षा | विद्यार्थी संख्या | | | | प्रशिक्षक /सहायक प्रशिक्षक संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालयको नाम | प्रदेश | जिल्ला | स्थानीय तह | | | | कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ | | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |

## शिक्षा विकास तथा समन्वय इकाइ सुर्खेतको अत्यन्त जरूरी सूचना

लम्कीचुवा नगरपालिका वडा नं ७ कैलाली स्थायी घर भइ सुर्खेत जिल्ला बराहताल गाउँपालिका वडा नं ३ स्थित पुर्णादेवी प्राथमिक विद्यालयमा कार्यरत स्थायी प्राथमिक शिक्षक तपाई श्री दिपेन्द्र प्रसाद जैसी विना सूचना मिति २०७६।०४।२२ देखि हालसम्म कार्यरत विद्यालयमा अनुपस्थित रहिकोमा विद्यालयमा हाजिर हुनका लागि पटक-पटक घरठेगानामा पत्राचार गर्दा समेत विद्यालयमा हाजिर हुन नआउनुभएकोले तपाईलाई शिक्षा ऐन २०२८ (संशोधन सहित) को दफा १६ ङ तथा प्रचलित कानुन बमोजिम किन कारबाही नगर्ने ? यदि कारबाही नगर्नुपर्ने भए स्पष्ट कारण, प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस इकाइमा उपस्थित हुनुहोला अन्यथा नियमानुसार भइजाने व्यहोरा अनुरोध छ।

**शिक्षा विकास तथा समन्वय इकाइ सुर्खेत**

## शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापनका सम्बन्धी सूचना

(**श्री स्थानीय तह तथा शिक्षा विकास तथा समन्वय इकाइ (सबै)**)

विभिन्न स्थानीय तह एवं शिक्षा विकास तथा समन्वय इकाइहरूबाट दरबन्दी मिलान तथा व्यवस्थापनको विषयमा अनुरोध भई आएका विषयहरूको सन्दर्भमा देहाय अनुसार निर्णय भएकोले जानकारीको लागि अनुरोध छ।

तपसिल :

क) स्थानीय तहमा पुल कायम भई सोही स्थानीय तहका विद्यालयको माथिल्लो तहमा शिक्षकहरू खटाउँदा सम्बन्धित विद्यालयको आवश्यकता र खटाइने शिक्षकको योग्यता, विषय मिल्दो भएमा खटिने शिक्षकको रूचिलाई समेत आधार बनाई खटाउने व्यवस्था गर्ने र उक्त आधारहरूका अलावा अन्य आधारहरू आवश्यक भएमा विद्यमान ऐन, नियमावली र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को मुल मर्मलाई आत्मसाथ गरी स्थानीय तहले थप मापदण्ड तयार गरी शिक्षक दरबन्दी पुनर्वितरण गर्ने व्यवस्था मिलाउन सक्ने,

ख) दरबन्दी मिलान तथा व्यवस्थापनका लागि प्रचलित कानुनको प्रतिकुल नहुने गरी कसलाई पुल दरबन्दीमा राख्ने भन्ने विषय स्थानीय तहले नै उपयुक्त निर्णय गर्न सक्ने,

ग) कुनै तहको तृतिय श्रेणीको शिक्षक र द्वितिय श्रेणीको शिक्षकको कनिष्ठता सम्बन्धमा तल्लो तह वा श्रेणीको शिक्षक माथिल्लो तह वा श्रेणीमा कार्यरत शिक्षक भन्दा कनिष्ठ हुने,

घ) नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६।०५।०४ को निर्णयमा प्राथमिक तहको दरबन्दीमा महिला शिक्षा परियोजनाको दरबन्दी पनि गणना भएकोले महिला परियोजना दरबन्दी समावेश भएको व्यहोरा समेत अनुरोध छ।

## शिक्षा तथा मानव स्रोत विकास केन्द्रको शैक्षिक रेडियो कार्यक्रम प्रसारण सम्बन्धी जानकारी

शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाकर्मी र शैक्षिक सरोकारवाला सबैकालागि उपयोगी हुने शैक्षिक रेडियो कार्यक्रम हरेक मङ्गलबार वेलुकी ७:४० बजे देखि र शनिबार वेलुका ७ : ३० बजे देखि १५ मिनेट सम्म रेडियो नेपालबाट प्रसारण भइरहेको जानकारी गराउछौं। शैक्षिक रेडियो कार्यक्रम यस प्रकार प्रसारण हुने भएकाले नियमितरूपमा सुनिदिनु हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौं।

- प्रत्येक हप्ताको मङ्गलबार शैक्षिक सूचना तथा जानकारी, केन्द्र देखि विद्यालय सम्मका समाचारमूलक गतिविधि, समसामयिक विषयमा परिसम्वाद तथा अन्तर्वार्ता, शैक्षिक नीति, योजना, कार्यक्रम, ऐन/ नियम, निर्देशिका, कार्यविधि र कार्य ढाँचा सम्बन्धी जानकारी तथा कार्य प्रगति विवरण , लेख रचना र विद्यालय शिक्षाका असल अभ्यास समेटिएको स्थलगत रेडियो रिपोर्ट जस्ता कार्यक्रमप्रसारण गरिनेछ।
- त्यसैगरी प्रत्येक हप्ताको शनिबार शिक्षा सम्बन्धी विषयवस्तुमा आधारित नाटक तथा छलफल, लघुनाटक, सामाजिक, सांस्कृतिक पर्व, दिवस विशेष नाटक/छलफल ,समसामयिक कुराकानी, सचेतनामूलक सन्देश, स्रोता प्रतिक्रिया तथा जिज्ञासा आदि प्रसारण गरिनेछ।
  यस केन्द्रबाट प्रसारण गरिएका कार्यक्रमहरू केन्द्रको फेसबुक पेज www.facebook.com/radiodistanceमा सुन्न सकिनेछ। कार्यक्रमका सम्बन्धमा तपाइँ श्रोताका केही सुझाव र प्रतिक्रिया भए हामीलाई इमेल पनि गर्न सक्नु हुनेछ। हाम्रो इमेल ठेगाना हो radiodeol@gmail.com
- साथै यस कार्यक्रमलाई अझ बढी प्रभावकारी बनाउन यहाँहरूबाट रचनात्मक सुझावको समेत अपेक्षा गर्दछौं।

**आ.व. २०७७।७८**

| क्र. स. | प्रसारण हुने बार | प्रसारण हुने समय | प्रसारण संस्था | प्रसारण हुने विषयवस्तु | प्रसारण हुने स्क्रिप्ट सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रत्येक हप्ताको मङ्गलबार | बेलुकी ७:४० बजे देखि ७:५५ बजे सम्म (१५मिनेट) | रेडियो नेपाल | • शैक्षिक सूचना तथा जानकारी<br>• केन्द्रीय तह देखि विद्यालय सम्मका शैक्षिक समाचारमूलक गतिविधि<br>• समसामयिक विषयमा परिसम्वाद तथा अन्तर्वार्ता<br>• शैक्षिक नीति, योजना, कार्यक्रम,ऐन, नियमावली, निर्देशिका, कार्यविधि, ढाँचा आदि सम्बन्धी जानकारी<br>• कार्य प्रगति विवरण<br>• लेखरचना र विद्यालय शिक्षाका असल अभ्यास समेटिएको स्थलगत रेडियो रिपोर्ट आदि। | ५२ ओटा | |
| २ | प्रत्येक हप्ताको शनिबार | बेलुकी ७:३० बजे देखि ७:४५ बजे सम्म (१५मिनेट) | रेडियो नेपाल | • शिक्षा सम्बन्धी विषयमा आधारित नाटक तथा छलफल<br>• लघुनाटक तथा सचेतनामूलक सन्देश<br>• सामाजिक। सांस्कृतिक पर्व, दिवस विशेष नाटक तथा छलफल<br>• स्रोता प्रतिक्रिया तथा जिज्ञासा<br>• मेगेजिन ढाँचामा आधारित लेख रचना र शैक्षिक गतिविधि<br>• समसामयिक कुराकानी आदि। | ५२ ओटा | |

**आ.व. २०७७।७८**

| क्र. स. | प्रसारण हुने बार | प्रसारण हुने समय | प्रसारण संस्था | प्रसारण हुने विषयवस्तु |
|---|---|---|---|---|
| १ | प्रत्येक हप्ताको मङ्गलबार | बेलुकी ७:४० बजे देखि ७:५५ बजे सम्म (१५मिनेट) | रेडियो नेपाल | १. **पहिलो हप्ताको मङ्गलबार**<br>• शैक्षिक सूचना, समाचार तथा जानकारी<br>२. **दोस्रो हप्ताको मङ्गलबार**<br>• केन्द्रीय, प्रादेशिक, स्थानीय तह एवम् विद्यालय सम्मका शैक्षिक गतिविधिहरूको<br>३. **तेस्रो हप्ताको मङ्गलबार**<br>• समसामयिक विषयमा अन्तर्वार्ता तथा परिसम्वाद कार्यक्रम<br>४. **चौथो हप्ताको मङ्गलबार**<br>•कार्य प्रगति विवरणको जानकारी एवम् शैक्षिक नीति योजना, कार्यक्रम, ऐन, नियम कार्यविधि सम्बन्धी जानकारी<br>५. **कुनै महिनामा पाँचौ मङ्गलबार भएमा**<br>• तेस्रो हप्ताको मङ्गलबारको कार्यक्रम |

**श्रव्यदृश्य शाखा सानोठिमी, भक्तपुरको**

## टेलिभिजन तथा रेडियो एफ्.एम.बाट प्रसारण हुने श्रव्यदृश्य एवम् श्रव्य पाठ प्रसारण सम्वन्धी जानकारी

१. **श्रव्यदृश्य पाठ प्रसारण सम्बन्धी जानकारीः**

पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित भई यस केन्द्रबाट उत्पादन गरिएका कक्षा १-८ का विषयगत श्रव्यदृश्य पाठहरू नेपाल टेलिभिजनको NTV+ च्यानलबाट शनिवार बाहेक हरेक दिन विहान १० बजेदेखि दिउँसो ३ बजेसम्म नियमित रूपमा प्रसारण भइरहेका छन्। त्यसैगरी कक्षा १-१० का विषयगत श्रव्यदृश्य पाठहरू Dish Media Network Ltd. को Dishhome, NITV Streamz Pvt. Ltd. को NET TV, Mega Max TV Pvt. Ltd. को Max TV, Divine Stream Network Pvt. Ltd को Mero TV र Subisu Cablenet (P). Ltd को Clear TV को विद्यालय शिक्षा (School Education) च्यानलबाट शनिवार बाहेक हरेक दिन विहान ७ बजेदेखि बेलुकी ९ बजेसम्म नियमित रूपमा प्रसारण भइरहेका छन्।

श्रव्यदृश्य पाठहरूको प्रसारण समय तालिका यस केन्द्रको वेवसाइट www.doe.gov.np मा हेर्न सकिने व्यवस्था मिलाइएको छ। कक्षा १ देखि १० सम्मका श्रव्यदृश्य पाठहरू यस केन्द्रको Youtube Channel, www.youtube.com/ncedvirtual बाट आफ्नो अनुकूल समयमा आवश्यकता अनुसार हेर्न सकिनेछ।

केन्द्रको Youtube Channel मा कक्षा १ देखि १० सम्मका १६०० भन्दा बढी विषयगत श्रव्यदृश्य पाठहरू समावेश गरिएका छन् भने १ लाखभन्दा बढी Suscribers रहेका छन्। यस च्यानलको ८९,३०,२३० भन्दा बढी Views रहेका छन्। हाल प्रति महिना ९ लाख भन्दा बढी विद्यार्थीहरूले ४८ हजार घण्टा भन्दा बढी समय उक्त च्यानलको प्रयोग गरेका छन्। सम्बन्धित विद्यार्थी तथा शिक्षकहरूले उक्त च्यानललाई Suscribe गरी र Bell Icon मा click गरी नयाँ Video हरूको Notification पाउन सक्नुहुनेछ।

२. **श्रव्य पाठ प्रसारण सम्बन्धी जानकारीः**

कक्षा ९ र १० का अनिवार्य विषयका श्रव्य पाठहरू रेडियो नेपालबाट शनिबार वाहेक प्रत्येक दिन विहान १०:१५ देखि १०:४५ बजेसम्म र दिउँसो २:१५ देखि २:४५ बजेसम्म नियमित रूपमा प्रसारण भइरहेको छ, साथै यस केन्द्र र Good Neighbors International संस्था बिचको सहकार्य र समन्वयमा कक्षा ६, ७ र ८ का अङ्ग्रेजी, विज्ञान र सामाजिक विषयका श्रव्य पाठहरू कान्तिपुर एफ.एम.बाट विहान १०:०५ देखि ११:०० बजेसम्म प्रसारण भइरहेको छ। त्यसैगरी यस केन्द्र र सामुदायिक रेडियो प्रसारण सङ्घ बिचको सहकार्यमा देश भरका करिव २०१ भन्दा बढी सामुदायिक रेडियोहरू मार्फत् कक्षा ९ र १० का अनिवार्य विषयका श्रव्य पाठहरू बिहान १०:०० देखि ११:०० वजेसम्म र पुनः प्रसारण बेलुकी ५:०० देखि ६:०० वजेसम्म प्रसारण भइरहेको छ।

श्रव्य पाठहरूको प्रसारणसमय तालिका यस केन्द्रको वेवसाइट doe.gov.np मा हेर्न सकिने छ। प्रसारण गरिएका उक्त श्रव्य पाठहरू केन्द्रको फेसबुक पेज www.facebook.com/radiodistance मा सुन्न सकिनेछ।

यसरी प्रसारित श्रव्यदृश्य तथा श्रव्य पाठहरूबाट सम्बन्धित सबै विद्यार्थीहरूले फाइदा लिन सक्ने वातावरण बनाइदिनुहुन सम्पूर्ण अभिभावक, शिक्षक तथा सम्बन्धित सरोकारवालाहरू समक्ष यस केन्द्र हार्दिक अनुरोध गर्दछ।